नेपालमा स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको दशौँ राष्ट्रिय शिखर सम्मेलन २०८० मा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको सम्बोधन

कार्यक्रमका अध्यक्ष,

माननीय उप-प्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री,

माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,

नेपाल सरकारका सचिबहरु

नेपाल स्वास्थ्य अनुसन्धान परिषदका सदस्य-सचिब तथा पदाधिकारीहरु,

सम्मेलनका बक्ता तथा सहभागीहरु,

पत्रकार मित्रहरु,

भद्र महिला तथा सज्जनवृन्द !

- स्वास्थ्य क्षेत्रलाई सबल, सुदृढ र प्रभावकारी बनाउन आवश्यक खोज तथा अनुसन्धानका कार्यहरुलाई निरन्तर अघि बढाउँदै आएको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को ३३औँ वार्षिक उत्सवको अवसरमा आयोजित नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या वैज्ञानिकहरुको दशौँ राष्ट्रिय शिखर सम्मेलनको यो गरिमामय समारोहलाई शुभकामना सन्देश दिन पाउँदा मलाई खुशी लागेको छ ।
- आफ्नो स्थापना कालदेखि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्वास्थ्य क्षेत्रमा भएका अनुसन्धानका लागि नियमन गर्ने, गुणस्तरीय अनुसन्धानको प्रोत्साहन गर्ने वातावरण तयार पार्ने र त्यसबाट प्राप्त तथ्य तथ्याङ्कहरुका आधारमा स्वास्थ्य सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न खेलेको भूमिका प्रशंसनीय छ । यसका साथै बद्लिदो परिवेश अनुसार नसर्ने रोग, रोगहरुको भार, जलवायु परिर्वतन, संक्रामक रोग इत्यदी मुद्दाहरुलाई विशेष प्रथामिकतामा राखी अध्ययन अनुसन्धान अगाडी बढाउने

अपेक्षा गरिएको छ । साथै स्वास्थ्यमा सर्वब्यापी पहुँच सुनिस्चित गर्न, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अबलम्बन गर्ने नीति तथा रणनीतिहरुलाई सघाउन तथ्यमा आधारित प्रमाणहरु जुटाउने कार्यमा तदारुकतका साथ लागिरहनेछ भन्ने बिश्वाश लिएको छु ।

- स्वास्थ्य क्षेत्रले बिभिन्न राष्ट्रिय एवम अन्तराष्ट्रिय दस्तावेजहरु द्वारा निर्दिष्ट लक्ष्य तथा दिशाहरुको आधारमा अवलम्वन गरेका स्वास्थ्य क्षेत्रका लक्ष्यहरु प्राप्त गर्न, नेपाल सरकारले स्वास्थ्य अनुसन्धानमा लगानी बढाउन, नवप्रर्वतनलाई प्रोत्साहित गर्नुको साथै अनुसन्धानका निष्कर्षहरुलाई व्यावहारिक सामाधानहरुमा रुपान्तरण गर्न शौक्षिक संस्थाहरु, उद्धोग र सरकार बीचको सहकार्यलाई पनि बढावा दिन प्रतिबद्ध रहनेछौं ।
- नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सेवालाई जनताको पहँचमा पुग्नेगरी व्यवस्था गर्ने, सेवालाई पूर्णतया निशुल्क बनाउने र सबैको समान पहुँच र हिस्सेदारी कायम गर्ने व्यवस्था गरेको छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका विभिन्न समस्याहरुको पहिचान गर्न तथा ती समस्याहरुको समाधानको लागी यस क्षेत्रमा निरन्तर अध्ययन, अनुसन्धान र विकास हुन जरुरी हुन्छ ।
- सोही कार्यलाई व्यवस्थित गर्नको लागी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्वास्थ्य क्षेत्रमा नयाँ खोज तथा अनुसन्धानको माध्यमबाट स्वास्थ्य क्षेत्रलाई अझ समुन्नत बनाउँदै लगेको कुरा सर्बबिदितै छ ।
- परिषद्ले नेपालमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को बारेमा विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धान गरी यस महामारीको रोकथाम तथा नियन्त्रणको लागी महत्वपूर्ण भूमिका खेलेको छ । साथै, परिषद्ले नसर्ने रोगहरू, मानसिक स्वास्थ्य, तथा जलवायू परिवर्तन र स्वास्थ्यमा गरेका

अध्ययन तथा अनुसन्धानले राष्ट्रिय स्वास्थ्य नीति, रणनीति तथा कार्ययोजनाहरू बनाउन योगदान पु¥याएका छन् ।

- स्वास्थ्य र जनसंख्या क्षेत्रमा देशभित्रै अधिकतम ज्ञान र सीपको अभिवृद्धि गर्न, यथेष्ट अध्ययन र अनुसन्धानको वातावरण तयार गर्न, प्रतिभा पलायन रोक्न तथा सार्वजनिक स्वास्थ्यमा आम जनताको पहुँच स्थापित गर्न सरकारले चाल्नु पर्ने कदमबारे यस शिखर सम्मेलनले उपयुक्त सुझाव दिने छ भन्ने मैले आशा लिएको छु । स्वस्थ नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यस सम्मेलनबाट प्राप्त हुने निचोड र सुझावहरुले सहयोगी भूमिका खेल्ने अपेक्षा मैले गरेको छु ।
- अन्त्यमा, खोज र अनुसन्धानबाट प्राप्त उपलब्धिहरु मार्फत देशको समग्र स्वास्थ्य क्षेत्र सुधार गरी स्वास्थ्य, जनसंख्या र विकासको सकारात्मक सम्बन्ध सुदृढरुपमा स्थापित गरी यो देश को जनताको स्वास्थ्य स्थितिमा अधिकतम सुधार ल्याउन यस सम्मेलनले महत्वपूर्ण निर्णय लिन सकोस र मुलुकको मुहार फेर्न सकियोस् भन्ने कामना सहित सबैलाई धन्यवाद दिँदै यस सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु ।

धन्यवाद ।

मितिः २०८०/१२/२८